पेरूको लिमामा सन् २००९ को नोभेम्बर ४ देखि ७ तारिखसम्म सम्पन्न पुनर्स्थापकीय बाल न्याय*सम्बन्धी* प्रथम विश्व सम्मेलन (First World Congress on Restorative Juvenile Justice) द्वारा पारित घोषणापत्रको Nepal Forum for Restorative Justice ले तयार पारेको नेपाली अनुवाद ।

# पुनर्स्थापकीय बाल न्यायसम्बन्धी लिमा घोषणापत्र

LIMA DECLARATION ON RESTORATIVE JUVENILE JUSTICE

## पुनर्स्थापकीय बाल न्याय

### क. पुनर्स्थापकीय बाल न्यायको अवधारणा

पुनर्स्थापकीय बाल न्याय भनेको कानुनको विवादमा परेका बालबालिकाले कसूर गरेपछिको स्थितिमा सो कसुरबाट हुन पुगेको व्यक्तिगत, सम्बन्धगत र सामाजिक क्षतिलाई पूरण हुने गरी बालबालिकालाई व्यवहार गर्ने पद्वति हो । यसको निम्ति एक प्रक्रिया आवश्यक हुन्छ जहाँ पीडक बालक, पीडित र सम्भव भएसम्म समुदायका सदस्य तथा व्यक्तिहरू सँगसँगै सक्रियतापूर्वक सहभागी भई कसूरबाट सिर्जित समस्यालाई सम्बोधन गर्दछन् । यस्तो पुनर्स्थापकीय न्याय प्रक्रिया अभ्यास गर्ने एउटै मात्र ढाँचा छैन ।

विभिन्न राष्ट्रका अनुभवमा पुनर्स्थापकीय बाल न्यायलाई मध्यस्थता, पारिवार समूह भेला, सजाय भेला तथा संस्कृतिसापेक्ष अन्य तरिकाहरूमा अभ्यास गरिएको देखिन्छ ।

सम्भव भएसम्म, पुनर्स्थापकीय बाल न्यायसम्बन्धी नीतिहरू समाजमा भएगरेका पारम्परिक तथा हानीविहिन अभ्यासहरूमा आधारित हुनुपर्दछ जुन कानुनको विवादमा परेका बालबालिकाको व्यवहारसँग जोडिएका हुन्छन् ।

यस प्रक्रियाको परिणाममा परिपूरण, प्रत्यायन तथा सामुदायिक सेवाजस्ता कार्यक्रमहरू पर्दछन् जसबाट घटनाका पक्षका व्यक्तिगत तथा सामुहिक आवश्यकता र कर्तव्यहरू पूरा हुन्छन् साथै पीडित र पीडकलाई पुनर्स्थापन गर्न सकिन्छ ।

पुनर्स्थापकीय बाल न्याय केवल साना कसूर वा पहिलो पटक कसूर गर्नेहरूमा मात्र सीमित गरिनु हुँदैन । अभ्यासहरूबाट के देखिन्छ भने पुनर्स्थापकीय बाल न्यायले गम्भीर अपराधहरूमा पनि महत्वपूर्ण भूमिका खेल्दछ । उदाहरणको लागि, धेरैजसो सशस्त्र द्वन्द्वहरूमा बालबालिकालाई बालसेनाको रुपमा प्रयोग गरिएको हुन्छ र उनीहरूलाई आफ्नै परिवारका सदस्य, आफ्नै छिमेकी र समुदायहरूप्रति अत्यन्त जघन्य अपराधहरू गर्न बाध्य पारिन्छ । यस्ता युद्धग्रस्त समाजमा पुनर्स्थापकीय न्याय एक उपाय हुनपुग्छ जसबाट पीडक र पीडितबीच मिलन/मेलमिलाप गराउन सकिन्छ । यस्ता समाजमा पीडितहरू जस्तै बाल कसूरदारहरू पनि प्रताडित भएका हुन्छन् किनकी उनीहरूलाई कसूर गर्न बाध्य पारिएको हुन्छ । त्यसैले, विना मिलन/मेलमिलाप यी बालसेनालाई समाजमा पुनर्स्थापन गराउन असम्भवप्राय: हुन्छ, र यदि गराइहालेमा पनि बालबालिका तिरस्कृत हुन पुग्दछन्,

समुदायमा क्षमतावान् व्यक्तिको अभाव हुन पुग्दछ र बहिस्कृत बालबालिकाबाट हुन सक्ने अपराधको खतरा रहिरहन्छ ।

यसको साथै, पुनर्स्थापकीय अभ्यासहरूलाई केवल बाल न्यायसँग सम्बन्धित मुद्दाहरू मात्रै सीमित गरिनुहुँदैन । पुनर्स्थापकीय अभ्याससम्बन्धी नीतिहरू विकास गरिनुका साथै लागु गराउनु उत्तिकै आवश्यक हुन्छ, जस्तै विद्यालयहरूमा ।

### ख. बाल न्यायमा पुनर्स्थापकीय दृष्टिकोणको भूमिका

कानुनको विवादमा परेका बालबालिकालाई समाजमा पुनर्स्थापन हुन योगदान पुग्ने र समाजमा सिर्जनात्मक भुमिका खेल्न सघाउने हेतुले उनीहरूलाई गरिने व्यवहार नै पुनर्स्थापकीय न्यायको तरिका हो । पुनर्स्थापकीय न्यायले बालबालिकाको जवाफदेहितालाई गम्भीरतापूर्वक लिन्छ र यसमार्फत् अन्य पक्षहरूको मानवअधिकारलाई सम्मान गर्न, विशेषगरी पीडित र समुदायका अरू प्रभावित सदस्यहरूको, स्वतन्त्रतालाई बुझ्न सघाउँदछ । पुनर्स्थापकीय न्यायको दृष्टिकोणले बालबालिकाको स्वाभिमान र मर्यादा बृद्धि गर्दछ ।

पुनर्स्थापकीय न्यायलाई बाल न्यायको सबै चरणमा लागु गर्न सकिन्छ, प्रचलित तरिकाको विकल्पको रूपमा वा तिनमा थप हुने गरी । प्रहरीको तहमा (अनुसन्धानको क्रममा) बालबालिकालाई पुनर्स्थापकीय न्यायमा प्रेषण गर्ने विकल्प उपलब्ध हुनुपर्छ । प्रहरी अधिकृतहरूले यस विकल्पको प्रयोगबारे यथोचित तालिमहरू लिएको हुनुपर्दछ र उपयुक्त भएको खण्डमा, यस विकल्प र दिशान्तरको हुनसक्ने दुरुपयोगबारे पनि विशेष ध्यान दिनुपर्दछ । यदि मुद्दालाई सरकारी वकीलसमक्ष लैजाने हो भने, सो अधिकारीले अरू कारवाही र अदालती प्रक्रियामा लैजानुअघि पुनर्स्थापकीय न्याय प्रक्रियाको सम्भावनाबारे विचार गर्नुपर्दछ । प्रहरी थुना वा मुद्दापूर्वका कुनै हिरासतको प्रयोग गर्नुअगावै, पुनर्स्थापकीय न्यायको प्रयोगलगायतका अन्य विकल्पहरूको प्रयोग गर्दै बालबालिकालाई स्वतन्त्रताबाट विमुख राख्नु हुदैन ।

मुद्दा अदालतमा आइसकेपछि बाल न्यायका न्यायाधीशले सजायका उपलब्ध विकल्पका रुपमा पुनर्स्थापकीय न्यायको खोजी गरी यसतर्फको प्रक्रियालाई शुरु गर्नुपर्दछ । केही राष्ट्रहरूका अनुभवका आधारमा भन्नुपर्दा पुनर्स्थापकीय न्यायलाई बालन्याय प्रणालीभित्र बालबालिकालाई गरिनुपर्ने व्यवहारका सन्दर्भमा यथाशक्य प्रयोग गर्न सकिन्छ र यथासम्भव गरिनुपर्दछ । अर्को शब्दमा भन्नुपर्दा, पुनर्स्थापकीय न्याय बाल न्याय प्रणालीको अभिन्न अङ्गको रूपमा रहनुपर्दछ साथै बालबालिकाको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धीमा भएका व्यवस्थाहरू तथा अन्तर्राष्ट्रिय मापदण्ड अनुकुल हुनुपर्दछ । अपराधबाट प्रभावित सबै व्यक्ति, प्रत्यक्ष पीडित/उनका परिवार तथा पीडक/उनका परिवारलाई पुनर्स्थापकीय न्यायको विकल्प उपलब्ध हुनुपर्दछ । यसै सन्दर्भमा राष्ट्रिय बाल न्याय नीतिमा निरोधका उचित कार्यक्रमहरू पनि समाविष्ट गरिनुपर्दछ जसमा अभिभावक र समुदायको भूमिकालाई विशेष ध्यान दिई उनीहरूलाई सहयोग गर्नुपर्दछ । राष्ट्रहरूले बाल न्याय र पुनर्स्थापकीय न्यायका कार्यक्रमलाई समन्वय तथा कार्यान्वयनको निरीक्षण गर्ने अख्तियारसहितको राष्ट्रिय संयन्त्र स्थापना गर्नुपर्दछ ।

पुनर्स्थापकीय न्याय कार्यक्रमको आरम्भका रूपमा सर्वसाधारण, कानुनको विवादमा परेका बालबालिकाका लागि वा सँगै काम गर्ने पेशाकर्मीहरू तथा राजनीतिकर्मीहरूले यसबारे जानकारी पाउन निकै महत्त्वपूर्ण हुन्छ ।

उचित भएको अवस्थामा गैरसरकारी संस्थाको सहयोगमा राज्यले यस्ता चेतनामूलक कार्यक्रमहरू समय-समयमा सञ्चालन गर्नुपर्दछ । यी चेतनामूलक पैरवीका कार्यक्रममा पुनर्स्थापकीय न्यायको फाइदालाई अन्य विषयका अलावा पीडित-केन्द्रित पद्दतिको रूपमा प्रस्तुत गरिनुपर्दछ । साथै यस्ता अभियानमा सञ्चारमाध्यमको प्रयोग गरिनुपर्दछ एवम् यो ख्याल राख्नुपर्दछ कि स्थानीय रेडियो तथा सञ्चारमाध्यमका नयाँ साधन, जस्तै ईन्टरनेट र मोबाइल फोनको महत्वपूर्ण भूमिका रहने गर्दछ ।

## ग. पुनर्स्थापकीय न्यायको प्रयोगसम्बन्धी नियमहरू

पुनर्स्थापकीय न्यायको प्रयोग संयुक्त राष्ट्रसंघको प्रतिज्ञापत्र ECOSOC Resolution 2002/12 "फौजदारी मामिलामा पुनर्स्थापकीय न्यायको प्रयोगसम्बन्धी सिद्धान्तहरू"मा उल्लिखित भएअनुसार हुनुपर्दछ, जस्तो :

पुनर्स्थापकीय न्यायको प्रयोग तब मात्र गर्नुपर्छ जब बाल कसुरदारलाई अभियोजन गर्ने पर्याप्त प्रमाण उपलब्ध हुन्छ साथै यसका लागि पीडित र पीडकको सहमति हुन्छ । सो सहमति पुनर्स्थापकीय न्याय प्रक्रियाको जुनसुकै बेला पनि पीडक र पीडितले फिर्ता लिन सक्दछन् । सम्झौता स्वेच्छामै हुनुपर्दछ र त्यसमा मनासिव र आनुपातिक दायित्वहरूमात्र समावेश भएको हुनुपर्दछ । पीडित वा बाल कसुरदार कसैलाई पनि बलपूर्वक वा गलत प्रलोभनमा पारी पुनर्स्थापकीय न्याय प्रक्रियामा सहभागी हुन अथवा पुनर्स्थापकीय प्रकियाका परिणाम स्वीकार गर्न लगाइनु हुदैन ।

पक्षहरूबीचको शक्ति असन्तुलनबाट सिर्जित असमानताका साथै उनीहरूका सांस्कृतिक भिन्नताप्रति विचार गरिनुपर्दछ ।

राष्ट्रिय कानुनअनुरुप पीडित र बाल कसुरदारले कानुनी सल्लाह लिने अधिकार पाउनेछन् साथै बाल कसुरदार र पीडित बालकलाई अभिभावक वा संरक्षकको सहयोग पाउने अधिकार हुनेछ ।

पीडित र बाल कसुरदारलाई आफ्ना अधिकारहरू, पुनर्स्थापकीय न्यायको स्वरूपबारे तथा उनीहरूले गर्ने निर्णयको परिणामबारे पूर्ण जानकारी हुनेछ ।

पुनर्स्थापकीय न्यायको परिणामको हैसियत अन्य न्यायिक निर्णय वा फैसलासरह हुनेछ साथै सोही तथ्यमा आधारित रही अभियोजन हुनेछैन ।

## घ. कार्यान्वयनका लागि सुझावहरू:

१. संयुक्त राष्ट्रसंघीय बालबालिकाको अधिकारसम्बन्धी समिति (UN Committee on the Rights of the Child) लाई, कानुनको विवादमा परेका बालबालिकाका हकमा बाल न्याय प्रशासनको सबै चरणमा पुनर्स्थापकीय न्याय प्रक्रियालाई समायोजन गर्न आवश्यक पहलकदमीका निमित्त बालबालिकाको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धीका पक्ष राष्ट्रहरूलाई सुझाव दिन आग्रह गर्दछौं ।

२. बालन्यायसम्बन्धी अन्तरनिकाय संयन्त्र (Interagency Panel on Juvenile Justice) लाई, सरकारहरूलाई पुनर्स्थापकीय न्याय कार्यक्रमको विकास तथा लागू गर्नका निम्ति प्रदान गरिने प्राविधिक सहयोगलाई अझ मजबुत पार्न सुझाव दिन्छौँ साथै संयुक्त राष्ट्रसंघको प्रतिज्ञापत्र ECOSOC Resolution 2009/26 को सन्दर्भ लिँदै संयुक्त राष्ट्रसङ्घका सदस्य राष्ट्रहरूलाई सो अन्तरनिकाय संयन्त्रलाई आवश्यक स्रोत उपलब्ध गराउन र सहकार्य गर्न आग्रह गर्दछौँ ।

३. संयुक्त राष्ट्रसंघीय लागुऔषध तथा अपराध विरुद्धको कार्यालय (UN Office against Drugs and Crime) लाई पुनर्स्थापकीय न्याय कार्यक्रमसम्बन्धी हातेपुस्तिका (Handbook on Restorative Justice Programmes) कै निरन्तरतास्वरूप बालबालिकाले गरेका कसुरका सन्दर्भमा पुनर्स्थापकीय न्यायको प्रयोग गर्न तथा सदस्य राष्ट्रहरूलाई यस मामिलामा सहयोग गर्न सुझाव दिन्छौँ ।

४. बालबालिका सम्बन्धी राष्ट्रसंघीय निकाय (युनिसेफ) लाई, सदस्य राष्ट्रहरूलाई पुनर्स्थापकीय बाल न्यायको बिकास र प्रयोग गर्नको निमित्त प्राविधिक सहयोग उपलब्ध गराउन, विशेषत: बाल न्यायका क्षेत्रका सरोकारवालालाई तालिम प्रदान गर्न सुझाव दिन्छौँ ।

५. बालबालिकाको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धीका पक्ष राष्ट्रहरूलाई, आफ्ना राष्ट्रिय बाल न्याय नीतिअन्तर्गत बाल न्याय प्रशासनको अभिन्न अङ्गको रूपमा पुनर्स्थापकीय न्यायलाई समावेश गर्न आवश्यक पहलकदमी गर्न साथै माथि क-ग खण्डमा उल्लिखित अवलोकन, सुझाव र नियमहरूलाई मनन गर्न तथा यसमा प्राविधिक सहयोग उपलब्ध गराउन बालन्याय सम्बन्धी अन्तरनिकाय संयन्त्र, युनिसेफ र युएनओडिसीलाई सुझाव दिन्छौँ । यसरी गरिने पहलकदमीअन्तर्गत राष्ट्रिय तथा स्थानीय सञ्चार माध्यममार्फत् सर्वसाधारणलाई पुनर्स्थापकीय बाल न्याय नीतिको प्रकृति तथा पीडित, पीडक र समाजलाई यसको फाइदाबारे सुसुचित गराउने साथै तीनका अभिभावक र समुदायको सहभागितालाई समेत प्रोत्साहन गर्नेछन् ।

६. पुनर्स्थापकीय बाल न्यायको आरम्भ गर्ने प्रक्रिया गर्दै गरेका राष्ट्रहरूलाई, बृहत मूल्याङ्कन गर्दै आफ्ना शुरुवाती परियोजनाहरु सँगसँगै अघि बढाउन तथा यी परियोजनाको परिणामका आधारमा पुनर्स्थापकीय बाल न्यायलाई राष्ट्रव्यापी तवरले प्रवेश गराउने तथा संयुक्त राष्ट्रसङ्घीय ECOSOC ले अबलम्बन गरेको सिद्धान्तहरूअनुसारका मानवअधिकार तथा कानुनी संरक्षणको सुनिश्चितताको सम्मान गर्दै विधायिकी कदमहरूमार्फत् पुनर्स्थापकीय बाल न्यायको अभ्यासलाई बाल न्याय प्रणालीको मुख्य चरित्रको रूपमा विकास गर्न सुझाव दिन्छौँ ।

७. सदस्य राष्ट्रहरूलाई, पुनर्स्थापकीय बाल न्यायको विकास तथा प्रयोगको क्रममा सडक बालबालिकाजस्ता जोखिममा रहेका बालबालिकाको दैनिक अवस्था, तिनका समस्या र आवश्यकताहरूका साथै अन्य किशोर/किशोरी र बालबालिका जो गिरोहहरू, सशस्त्र समूह वा अर्धसैनिक समूहमा संलग्न भएका हुन्छन्, तिनलाई विशेष ध्यान दिन सुझाव दिन्छौँ ।

८. सदस्य राष्ट्रहरूलाई, बाल न्याय प्रशासनमा संलग्न सबै मुख्य सरोकारवालालाई पर्याप्त तथा निरन्तर तालिमहरूको विकास तथा प्रदान गर्नका साथै पारम्परिक कानुनी अवधारणालाई परिवर्तन गर्नको निम्ति

विशेष ध्यान दिदै, आफ्ना सञ्जाल संयन्त्रको यथाशक्य प्रयोग गर्दै पुनर्स्थापकीय बाल न्यायको कार्यान्वनको निमित्त आवश्यक सेवा-सुविधाको स्थापना गर्न सुझाव दिन्छौँ । यस्ता सेवा-सुविधाले पुनर्स्थापकीय बाल न्यायको सञ्चालन गर्दा अन्तर्विषयक मान्यता वा दृष्टिकोणको अभ्यास गर्नुपर्दछ, उदाहरणको लागि पुनर्स्थापकीय बाल न्याय सञ्चालनका निमित्त बहुविषयक समूहहरू बनाउने जसबाट पीडित र बाल कसूरदारका संवेगात्मक आवश्यकताहरूको सम्बोधन हुन पुग्दछ ।

९. सदस्य राष्ट्रहरूलाई, बाल बिज्याइँ तथा यसको सम्बोधनका उपायबारे तथ्यको सुव्यवस्थित संकलन गर्न सुझाव दिन्छौँ ताकी त्यसबाट नीतिनिर्माणमा सहयोग पुगोस् साथै सो नीतिहरूलाई आवश्यकतानुसार समायोजन गर्न तथा बाल बिज्याइँको स्वरूप तथा त्यसलाई सम्बोधन गर्ने विविध विधिबारे अनुसन्धानहरू गर्न मद्दत पुगोस् ।

१०. सदस्य राष्ट्रहरू तथा संयुक्त राष्ट्रसंङ्घीय निकायहरूलाई, विश्वभरि पुनर्स्थापकीय बाल न्यायका क्षेत्रीय परियोजनाहरूको प्रारम्भ गर्न साथै उक्त परियोजनाहरूको विकास र कार्यान्वयनको लागि सहयोग गर्नसमेत सुझाव दिन्छौँ ।

लिमा, ७ नोभेम्बर, २००९

NFRJ
NEPAL FORUM FOR RESTORATIVE JUSTICE
Nepal Forum for Restorative Justice
NFRJ, POB 9321, Hadigaun-5, Kathmandu, Nepal | Tel: +9771 4440587 | Email: nfrjnepal@gmail.com | Website: www.nepalrestorativejustice.org